## ९२ औं सचिव बैठक - भाद्र ११, २०७८

निर्णयहरु :

१. आर्थिक वर्ष २०७८/७९ को प्रदेश सरकारको बजेट सम्वन्धी विधेयक ल्याउन सबै मन्त्रालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन पठाउने र सबै मन्त्रालयहरुले तोकिएको अवधि भित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

२. प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था सबै मन्त्रालयहरुले मिलाउने।

३. प्रदेश सरकारको डिजिटल प्रदेशको अवधारणालाई सार्थक रुपमा संचालन गर्न मन्त्रालय एवम् कार्यालयहरुको वेवसाईट नियमित रुपमा अद्यावधिक गर्ने। नियमानुसार सार्वजनिक गर्नपर्ने विवरण, सूचना, जानकारीहरु नियमित रुपमा सार्वजनिक गर्ने।

४. प्रदेशमा कोभिड-१९ संक्रमण र जोखिम कायमै रहेको देखिएकोले कोभिड लक्षित रोकथाम, नियन्त्रण र खोपका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुने व्यवस्था प्रदेश स्वास्थ्य मन्त्रालयले मिलाउने। कोभिड सम्वन्धी प्रदेशको यथार्थ अवस्था झल्किने तथ्याङ्क नियमित अद्यावधिक गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५. प्रदेश सरकारबाट हुने सेवा प्रवाह तथा विकास व्यवस्थापन सम्वन्धी कार्यहरु लक्षित वर्गमा अपेक्षित रुपमा पुऱ्याउनका लागि आवश्यकता बमोजिम कार्यविधि, मापदण्ड, निर्देशिका संशोधन वा परिमार्जन गर्न आवश्यक भए प्रक्रिया पुऱ्याइ संशोधन गर्ने । कार्य सहजीकरण र सरलीकरणका लागी आवश्यकतानुसार आन्तरिक मापदण्ड तयार गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउने

६. प्रदेश सरकारको पुर्नगठन पश्चात कार्यविभाजन नियमावली बमोजिमका कार्यजिम्मेवारी कार्यान्वयन गर्न आवश्यक संगठन संरचना र जनशक्तिको व्यवस्थाका लागि तत्काल संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने व्यवस्था मिलाउने ।

७. प्रदेश सरकारको पुर्नगठनसँगै आवश्यक पर्ने सवारी साधनहरु तत्काल प्रदेश सरकारका मन्त्रालय र मातहत निकायहरुबाटसंलग्न अनूसुची बमोजिम उपलब्ध गराउने गरी व्यवस्था मिलाउने। यसरी सवारी साधन उपलब्ध गराउदा कुनै मन्त्रालय वा अन्तर्गत कार्यालयलाई अति आवश्यक पर्ने सवारी साधन उपलब्ध भएसम्म अर्को सरकारी कार्यालयबाट उपलब्ध हुने

व्यवस्था मिलाउने, त्यसरी उपलब्ध हुन नसकेमा निश्चित अवधिका लागि भाडामा लिने व्यवस्था समेत मिलाउने।

८. नेपाल सरकारका विभिन्न निकायहरु र प्रदेश सरकारका विभिन्न प्रयोजनका लागि विभिन्न मन्त्रालय तथा निकायहरुसँग माग हुने विवरण, सूचना, जानकारी र प्रतिवेदनहरु तोकिएको समयावधि भित्रै प्राप्तहुने गरी पठाउने व्यवस्था सबै मन्त्रालयले अनिवार्य रुपमा मिलाउने ।

९. मन्त्रालय/कार्यालयमा समयको पालना, खर्च मितव्ययिता, तोकिएको पोशाक, परिचय पत्रको प्रयोगमा विशेष ध्यान दिने। तोकिएका कार्य विवरण बमोजिमको कार्यजिम्मेवारी समयमै नतिजामूलक  र दक्षताका साथ सम्पन्न गर्ने, गराउने ।

१०. भाद्र २२ गते निजामती सेवा दिवशको उपलक्ष्यमा देहाय बमोजिम गर्ने।

   क. सबै निकायहरुले आ आफ्नो निकायमा निजामती सेवा दिवश मनाउने। निजामती सेवा दिवशका अवसरमा प्रत्येक मन्त्रालयले मन्त्रालय वा मातहत कार्यालयमा कार्यरत एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा छनौट गरी रु दश हजार नगद सहित पुरस्कृत गर्ने।

   ख. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मुख्यसचिवस्तर) को मिति २०७८/०४/२५ को निर्णयानुसार राष्ट्रसेवक कर्मचारी वृक्षारोपण राष्ट्रिय अभियान बमोजिम राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समिति गठन र व्यवस्थापनको लागि उद्योग, वन तथा वातावरण मन्त्रालयले समन्वय गर्ने।

## अनुसूची

१. प्रदेश सरकारको पुनर्गठनको संभावनालाई दृष्टिगत गरी देहायका मन्त्रालयहरुले थप १/१ मन्त्रालय व्यवस्थापन हुन सक्ने गरी व्यवस्था मिलाउने।

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

ख. आर्थिक मामिला तथा योजना मन्त्रालय

ग. भौतिक पूर्वाधार विकास मन्त्रालय

घ. उद्योग वन तथा वातावरण मन्त्रालय

२. प्रदेशमा माननीय मन्त्रीज्यूहरुको आवास व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्यजिम्मेवारी ग्रामीण तथा सहरी विकास मन्त्रालयलाई तोक्ने।

३. निर्णय नं ७ बमोजिम मन्त्रालयको पुनर्गठन भएपश्चात आवश्यक पर्ने सवारी साधनको व्यवस्थापन अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिमका मन्त्रालयले गर्ने।

| क.सं. | मन्त्रालयको नाम | सवारी साधनको संख्या | कैफियत |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | |
| २ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २ | १- वटा मन्त्रालय र १- वटा कृषि विकास निर्देशनालयबाट |
| ३ | शिक्षा तथा सामाजिक विकास मन्त्रालय | १ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | मन्त्रालयबाट |
| ५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १ | लुम्बिनी प्रादेशिक अस्पतालवाट |
| ६ | प्रदेससभा सचिवालय | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने। |
| ७ | प्रदेश प्रशिक्षण प्रतिष्ठान | १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने। |